बर्दिबास नगरपालिका
कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
प्रदेश नं. २, नेपाल
२०७३

# बर्दिबास नगरपालिका

# विनियोजन ऐन, २०७५

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति :- | २०७५।०३।२८ |
| प्रमाणिकरण मितिः | २०७५।०३।२९ |

२०७५ को ऐन संख्या :

## बर्दिबास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बर्दिबास, महोत्तरी

प्रदेश नं. २, नेपाल

नगरपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
प्रदेश नं. २, नेपाल
२०७३

**बर्दिबास नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः** बर्दिबास नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को अधिकार प्रयोग गरी बर्दिबास नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस ऐनको नाम " **बर्दिबास नगरपालिकाको विनियोजन ऐन, २०७५**" रहेको छ ।

(२) यो ऐन २०७५ श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. जम्मा ८७३९०६०००।- मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त बर्दिबास नगरपालिकाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

बिदर कुमार कार्की
प्रमुख

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
प्रदेश नं. २, नेपाल

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) माथि जुनसुकै कुरा लेखिएको भएतापनि कुनै शीर्षकमा विनियोजन गरिएको बजेट कार्यक्रमलाई थप व्याख्या सहित आवश्यक उप शिर्षकमा विभाजन गरी विनियोजन गर्न वा अत्यावश्यक सेवा/कार्यका लागि आन्तरिक स्रोतबाट व्यहोर्ने गरी कार्यपालिकाको बैठकबाट वा कार्यपालिकाले अधिकार प्रत्यायोजन गरेकोमा सोही अनुसार गर्नु पर्नेछ ।

बिदुर कुमार कार्की
प्रमुख